नेपाल सरकार

भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र संख्या: २०८२।०८३

चलानी नं.: ५०२

मितिः २०८३।०३।०५

ने.सं. ११४६

विषयः लगत प्रमाणीकरण गर्नु/गराउनुहुन ।

श्री स्थानीय तह (सबै) ।

भूमि समस्या समाधान समिति, ताहाचलको प.सं. २०८२।०८३, मिति २०८३।३।४, च.नं. ४४० लगत प्रमाणीकरण गर्ने/गराउने सम्बन्धी पत्र संलग्न छ। सो सम्वन्धमा तहाँ स्थानीय तहमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोबासीको लगत संकलन, प्रमाणीकरण, सूचना प्रणालीमा प्रविष्टि लगायतका कार्यहरु बाँकी रहेको भए सम्पन्न गरी अन्य कार्य पत्रमा उल्लेख भए बमोजिम गर्नु/गराउनुहुन निर्णयानुसार अनुरोध छ ।

३।५

(दीपेश कट्टेल)

शाखा अधिकृत

<u>बोधार्थः</u>

श्री सूचना प्रविधि शाखाः सबै स्थानीय तहको ईमेल पार्फत पत्र प्रेषित गरी वेबसाइटमा समेत अपलोड गरिदिनुहुन ।

श्री भूमि समस्या समाधान समिति, ताहाचल, काठमाडौं ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
भूमि समस्या समाधान समित
ताहाचल, काठमाडौं

पत्र संख्याः- २०८२/०८३
चलानी नं.- ४४०

मितिः २०८३/०३/०४
नेपाल सम्बत् ११४६

श्रीमान सचिवज्यू
श्री भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,
सिंहदरवार काठमाडौ ।

विषयः लगत प्रमाणीकरण सम्बन्धमा।

उपरोक्त सम्बन्धमा जिल्ला भूमि समस्या समाधान समितिसंग अन्तरक्रिया गर्ने सन्दर्भमा भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित वसोवासीको लगत संकलनको कार्य भएको भए तापनि केही स्थानीय तहवाट प्रमाणीकरणको कार्य सम्पन्न हुन नसकेको तथा लगत संकलनको कार्य सम्पन्न भए पनि सवै लगत कम्प्युटर प्रणालीमा प्रविष्ट गरी नसकिएको भन्ने जानकारी प्राप्त हुन आएको हुँदा अविलम्व उक्त कार्यहरु अगाडि बढाइ तोकिएको कार्य अवधि भित्र समितिलाई दिइएको जिम्मेवारी पुरा गर्नु पर्ने अभिभारा रहेको छ । सो अभिभारा पुरा गर्न गराउन सवै स्थानीय तहलाई भूमिहीन दलित, भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित वसोवासीको लगत संकलन, प्रमाणीकरण, सूचना प्रणालीमा प्रविष्टि लगायतका कार्यहरु वाँकि रहेको भए सूचना प्रणालीमा यही आषाढ मसान्त भित्र उक्त कार्यहरु सम्पन्न गर्नु हुन र लगत संकलन र प्रमाणीकरणको कार्य सम्पन्न भइ सकेकाको हकमा वाँकी कार्यहरु सम्पन्न गरी सिफारिस सहित निणर्य गरी लाभग्राहीको निवेदन फायल ज़िल्ला समितिमा वुझाइदिनु हुन भनी परिपत्र गरि दिनुहुन अनुरोध गर्दछु ।
पुनश्चः स्थानीय तहको कानूनी कर्तव्य सम्वन्धी भूमि सम्बन्धी (संसोधन सहित) नियमहरु, २०२१ को नियम ४१ (घ) को कानूनी व्यवस्था समेत स्मरणको लागि पत्र साथ पेश गरिएको छ ।

(बलभद्र बाँस्तोला)
अध्यक्ष

फोनः ५३१३९३२, ५३१३९३५ ईमेल ठेगानाः info@lirc.gpv.np website: lirc.gov.np

भूमि सम्बन्धी (संशोधन सहित) नियमहरु, २०२१ को नियम ४१घ को कानूनी व्यवस्था

४१ घ. विवरण तथा तथ्याङ्क उपलब्ध गराउनु पर्नेः

(१) आयोगले भूमिहीन दलित र भूमिहीन सुकुम्बासीको हकमा आयोगले तोकेको ढाँचामा र अव्यवस्थित बसोबासीको हकमा अनुसूची-२१ बमोजिमको ढाँचामा विवरण तथा तथ्याङ्क सङ्कलन गरी पठाउन प्रत्येक स्थानीय तहलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपनियम (१) बमोजिम अनुरोध भई आएमा स्थानीय तहले भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क सङ्कलन गर्नु पर्नेछ ।

(३) उपनियम (२) बमोजिम विवरण तथा तथ्याङ्क सङ्कलन गर्दा सम्बन्धित स्थानीय तहको वडा समितिले आफ्नो वडाभित्र बसोबासी गर्ने भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण तथा तथ्याङ्क सङ्कलन गरी त्यस्तो विवरण तथा तथ्याङ्कको सत्यताको सम्बन्धमा आवश्यक जाँचबुझ गरी सिफारिस सहित स्वीकृतिको लागि गाउँ वा नगर कार्यपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(४) उपनियम (३) बमोजिम पेश भएको विवरण तथा तथ्याङ्कका सम्बन्धमा सम्बन्धित गाउँ वा नगर कार्यपालिकाले आवश्यक जाँचबुझ गर्दा त्यस्तो विवरण तथा तथ्याङ्क स्वीकृत गर्न उपयुक्त हुने देखिएमा गाउँ वा नगर कार्यपालिकाको निर्णय बमोजिम भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको छुट्टा छुट्टै नामावली सहितको विवरण तथा तथ्याङ्क स्वीकृत गरी आयोग वा आयोगले तोकेको निकायमा पठाउनु पर्नेछ । तर भूमिहीन दलित र भूमिहीन सुकुम्बासी एउटै भए सोही व्यहोरा जनाई एउटै नामावलीमा समावेश गर्नु पर्नेछ ।

(५) उपनियम (४) बमोजिम प्राप्त विवरण र तथ्याङ्कको सम्बन्धमा आयोगले आवश्यकता अनुसार जाँचबुझ गर्न सक्नेछ ।

नेपाल सरकार
भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय
भूमि समस्या समाधान आयोग
बबरमहल, काठमाडौं

फोन: ५३१३९३२, ५३१३९३५ ईमेल ठेगाना: info@lirc.gpv.np website: lirc.gov.np